18 August 2024

**यो आकाशवाणी हो**

**समाचार पारसमणि दंगालबाट सुन्नुहोस्**

**सबैभन्दा पहिला आजका मुख्य समाचार**

- **कोलकाता बलात्कार तथा हत्या मामिला सर्वोच्च न्यायालयको संज्ञानमा, मंगलबार सुनवाई**
- **भारतीय चिकित्सा संघले स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि केन्द्रीय कानून ल्याउन माग गर्दै प्रधानमन्त्रीलाई लेख्यो पत्र**
- CAA **ले कुनै पनि व्यक्तिको नागरिकता नखोस्ने तर शरणार्थीहरूलाई नागरिकतासँगै सम्मान र न्याय दिने गृहमन्त्रीको भनाई**
- **भारत-कुवेत द्विपक्षीय सम्बन्धका बारेमा छलफल गर्न विदेश मन्त्री कुवेत यात्रामा, अनि**
- **नेपालकी विदेशमन्त्री भारतको पाँच दिने भ्रमणमा**

**अब समाचार विस्तारमा**

SC-**कोलकाता मामिला**

सर्वोच्च न्यायालयले कोलकाता बलात्कार तथा हत्या मामिलालाई स्वतः संज्ञानमा लिएको छ। मुख्य न्यायाधीश न्यायामूर्ति डीवाई चन्द्रचुड, न्यायाधीश न्यायामूर्ति जेबी पार्दिवाला अनि न्यायामूर्ति मनोज मिश्रको खण्डपीठले मंगलबार यस विषयमा सुनुवाइ गर्ने भएकोछ।

यसै महिनाको ९ तारिख कोलकाताको आरजी कर मेडिकल कलेज अनि अस्पतालको सेमिनार हलभित्र एक जना प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्या भएको थियो। घटनाको एक दिन पछि, कोलकाता पुलिसले मुद्दाको सम्बन्धमा एक सिविक भोलेन्टियरलाई पक्राउ गरेको थियो। घटनाको देशव्यापी विरोध प्रदर्शन भइरहेको छ।
१३ अगस्तको दिन कलकत्ता उच्च न्यायालयले केन्द्रीय अनुसन्धान ब्यूरो सीबीआई-लाई अनुसन्धानको जिम्मा लिन निर्देशन दिएको थियो। पीडितका अभिभावक र अन्य केही व्यक्तिले दायर गरेको निवेदनमा उच्च न्यायलयले यस्तो आदेश दिएको थियो ।

**आईएमए-पीएम पत्र**

भारतीय चिकित्सा संघ – आईएमएले पश्चिम बंगालको आरजी कर मेडिकल कलेज मामिलामा स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि केन्द्रीय कानून ल्याउन माग गर्दै प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई पत्र लेखेको छ।
पत्रमा आईएमएले भनेको छ, अस्पतालहरूको सुरक्षा व्यवस्था हवाई अड्डा जस्तै हुनुपर्छ। अस्पतालमा भएका दुष्कर्म मामिलाको जाँच निश्चित समय-सीमा भित्र पूरा गरिनुपर्दछ अनि पीड़ित पक्षलाई  शीघ्र न्याय प्राप्त हुनुपर्दछ।

**यसैबीच,** कोलकाता पुलिसले आरजी कर मेडिकल कलेज एवम् अस्पताल वरिपरि कुनै पनि प्रकारका गैरकानूनी गतिविधिहरूलाई रोक्न आजदेखि सात दिनका लागि भारतीय नागरिक सुरक्षा संहिताको धारा 163 लागू गरेको छ। गत १४ अगस्तमा मेडिकल कलेजमा भएको हिंसात्मक घटनामा संलग्न भएको आशंकामा कोलकाता पुलिसले स्टूडेन्ट्स फेडरेशन अफ इन्डियाका दुई नेतालाई पक्राउ गरेको छ ।
यसैबीच, सीबीआईले आरजी कर मेडिकल कलेज एवम् अस्पतालका पूर्व प्रिन्सिपललाई आज सीजीओ कम्प्लेक्समा सोधपुछ गरेको छ।

**गुजरात अमित शाह**

गृहमन्त्री श्री अमित शाहले भन्नुभएको छ, नागरिकता संशोधन कानून - CAA ले कुनै पनि धर्मका व्यक्तिको नागरिकता खोस्दैन, बरु यसले नागरिकतासँगै शरणार्थीहरूलाई सम्मान र न्याय दिनेछ। श्री शाहले आज अहमदाबादमा 188 जना विस्थापित मानिसहरूलाई नागरिकता प्रमाणपत्र प्रदान गरेपछि आयोजित कार्यक्रममा बोल्दै यस्तो विचार साझा गर्नुभएको हो।

श्री शाहले विस्थापित हिन्दू र अन्य अल्पसंख्यकहरूलाई भोट ब्याङ्क र तुष्टीकरणको राजनीतिको लागि बेवास्ता गरेकोमा अघिल्लो कंग्रेस सरकारको आलोचना गर्नुभयो। उहाँले देशभरि CAA लागू गर्ने मोदी सरकारको प्रतिबद्धता पनि दोहोऱ्याउनुभयो।

FSSAI - **खाद्य**

भारतीय खाद्य सुरक्षा एवम् मानक प्राधिकरणले खाद्य पदार्थहरूमा माइक्रोप्लास्टिक प्रदूषणको बढ्दो चिन्तालाई सम्बोधन गर्न एक नवाचारी परियोजना सुरु गरेको छ।

माइक्रोप्लास्टिक प्रदूषणलाई उदीयमान खतराका रूपमा हेरेर विभिन्न खाद्य पदार्थमा माइक्रो र न्यानो प्लास्टिक पत्ता लगाउन विश्लेषणात्मक विधिहरू विकास गर्न यस वर्षको मार्चमा यो परियोजना सुरु गरिएको थियो। माइक्रो र न्यानो प्लास्टिक विश्लेषणका लागि मानक प्रोटोकल विकास गर्ने, विभिन्न प्रयोगशालाको तुलना र माइक्रोप्लास्टिकले उपभोक्तामा पार्ने असरसँग सम्बन्धित तथ्याङ्कहरू निर्माण गर्ने यस परियोजनाको मुख्य उद्देश्य रहेको प्राधिकरणले जनाएको छ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

## उत्तर प्रदेश दुर्घटना

उत्तर प्रदेशको बुलन्दशहर जिल्लाको सलेमपुर थाना क्षेत्रमा एउटा पिकअप गाडी र बस ठोक्किँदा १० जनाको मृत्यु भएको छ भने ३७ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारको लागि नजिकैको अस्पतालमा भर्ना गरिएको छ, भने चारजना गम्भीर घाइतेहरूलाई मेरठ मेडिकल कलेजमा पठाइएको छ।

## मुख्यमन्त्री मैया सम्मान योजना

झारखण्डका मुख्यमन्त्री श्री हेमन्त सोरेनले रक्षाबन्धनको एक दिन अगाडि आज "मुख्यमन्त्री मैया सम्मान योजना" को थालनी गर्नुभएको छ। श्री सोरेनले राज्यको पाकुर जिल्लामा यो योजना थालनी गर्नुभयो। योजना अन्तर्गत २१ देखि ५० वर्ष उमेर समूहका महिलाले मासिक एक हजार रुपियाँ अर्थात् वार्षिक १२ हजार रुपियाँ आर्थिक सहायता पाउनेछन्। श्री सोरेनले आज 1000 रुपियाँको पहिलो किस्ती 57 हजार 120 महिला लाभार्थीहरूको ब्याङ्क खातामा सिधै पठाउनु भयो। 'मुख्यमन्त्री मैया सम्मान योजना' अन्तर्गत राज्यका ४८ लाख महिलालाई लाभ दिने लक्ष्य राखिएको छ।

## जयशंकर कुवेत

विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकर एकदिने भ्रमणमा आज कुवेतमा हुनुहुन्छ । उहाँलाई कुवेतका विदेशमन्त्री श्री अब्दुल्ला अली अल याहयाले स्वागत गर्नुभएको थियो।

उहाँले भारत-कुवेत द्विपक्षीय सम्बन्धका बारेमा छलफल गर्ने कार्यक्रम रहेको छ। उहाँको भ्रमणले दुई देशबीचको राजनीतिक, व्यापार, लगानी, ऊर्जा, सुरक्षा, सांस्कृतिक आदि विषयका साथै जनस्तरको सम्बन्धलगायत द्विपक्षीय सम्बन्धका विभिन्न पक्षहरूको समीक्षा गर्ने अवसर प्रदान गर्नेछ । डा. जयशंकरले कुवेतका विदेशमन्त्रीसित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयमा पनि विचार आदानप्रदान गर्नुभयो । बैठकमा गाजाको अवस्थाबारे

पनि छलफल भएको थियो। कुवेतले हालै गाजामा युद्धविरामको पहललाई समर्थन गरेको छ।

## मलेसिया प्रधानमन्त्री

मलेसियाका प्रधानमन्त्री श्री दातो सेरी अनवर बिन इब्राहिम भोलिदेखि तीन दिने भारत भ्रमणमा आउनु हुनेछ। मलेसियाका प्रधानमन्त्रीका रूपमा यो उहाँको पहिलो भारत भ्रमण हो । उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग मंगलबार द्विपक्षीय वार्ता गर्नु हुनेछ साथै राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु अनि विदेशमन्त्री डा. एस जयशंकरसँग पनि भेट गर्नु हुनेछ। प्रधानमन्त्री श्री अनवर इब्राहिमको यो भ्रमणले भविष्यका लागि बहुक्षेत्रीय सहयोग एजेन्डा तयार गरी भारत-मलेसिया द्विपक्षीय सम्बन्धलाई थप सुदृढ गर्न सहयोग मिल्ने विदेश मन्त्रालयले जनाएको छ।

## नेपाल विदेशमन्त्री

नेपालकी विदेशमन्त्री डा आरजु राणा देउवा पाँच दिने भारत भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नुभयो। यस भ्रमणका क्रममा डा. देउवाले भोलि विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकरसँग भेट गर्नुहुनेछ । विदेश मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा नेपाल र भारतबीचको नियमित उच्चस्तरीय वार्ताको परम्पराअनुसार यो भ्रमण भएको बताइएको छ । भारतको छिमेकी प्रथम नीतिअन्तर्गत नेपाल प्रमुख साझेदार भएको मन्त्रालयले जनाएको छ । यस भ्रमणले दुवै पक्षलाई द्विपक्षीय सहयोगको प्रगतिको समीक्षा र छलफल

गर्ने अवसर प्रदान गर्नेछ। यसबाहेक यसले सम्बन्धलाई थप बलियो बनाउन सहयोग गर्नेछ।

**राष्ट्रपति - रक्षाबन्धन**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले रक्षाबन्धनको पूर्वसन्ध्यामा देशवासीलाई शुभकामना दिनुभएको छ। राष्ट्रपतिले आफ्नो सन्देशमा रक्षाबन्धन दाजुभाइ र दिदीबहिनीबीचको अनुपम सम्बन्धको पर्व हो भन्नुभएको छ। यो पर्वले दाजुभाइ र दिदीबहिनीबीचको आपसी विश्वास र मायालाई बलियो बनाउने उहाँले बताउनुभएको छ।

**ब्याडमिन्टन - जुनियर च्याम्पियनसिप**

भारतीय ब्याडमिन्टन संघले मङ्गलबारदेखि चीनको छेन्दुमा सुरु हुने अन्डर 15 अनि अन्डर 17 एसिया जुनियर च्याम्पियनसिपका लागि 39 जना खेलाडीको टोली चीन पठाएको छ। भारतीय टीमले धेरै पदक जित्ने अनि भारतले आयोजना गर्ने २०२५ विश्व जुनियर च्याम्पियनसिपको लागि बलियो जग निर्माण गर्ने लक्ष्य राखेको छ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **कोलकाता बलात्कार तथा हत्या मामिला सर्वोच्च न्यायालयको संज्ञानमा, मंगलबार सुनवाई**
- **भारतीय चिकित्सा संघले स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि केन्द्रीय कानून ल्याउन माग गर्दै प्रधानमन्त्रीलाई लेख्यो पत्र**

- **CAA ले कुनै पनि व्यक्तिको नागरिकता नखोस्ने तर शरणार्थीहरूलाई नागरिकतासँगै सम्मान र न्याय दिने गृहमन्त्रीको भनाई**
- **भारत-कुवेत द्विपक्षीय सम्बन्धका बारेमा छलफल गर्न विदेश मन्त्री कुवेत यात्रामा, अनि**
- **नेपालकी विदेशमन्त्री भारतको पाँच दिने भ्रमणमा**

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो